नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ९१ २०७८ साल कात्तिक १५ गते सोमबार (1 Nov. 2021 Monday) मूल्य रु. ५/-

चाडपर्वको नाममा फजुल खर्च नगरौं
सँस्कृतिको संरक्षण र सम्वर्द्धन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : एक वर्षभित्र पूरा गर्ने... ३ पृष्ठमा : अफगानिस्तानबाट ९४० नेपालीको ... ३ पृष्ठमा तालिबानका सर्वोच्च नेता पहिलो..

# अत्याधिक मुल्य बढ्दा उपभोक्ता हैरान, अनुगमन निकाय मौन



**दैनिक समाचारदाता राजविराज, १४ कात्तिक ।**

अहिले बजारमा दैनिक उपभोग्य सामाग्रिसहित अतिआवश्यक बस्तुहरुमा अत्याधिक मुल्य बृद्धि भएपछि उपभोक्ताहरु हैरान भएका छन् ।

पछिल्लो समय पेट्रोल, डिजल, मट्टितेल, खाना पकाउने ग्यास, खाद्यान्न, औषधी, लत्ताकपडा र तरकारीको मुल्य निरन्तर बढ्दै गएको छ । तर, बजार अनुगमन समितिले यसको नियन्त्रणका लागि कुनै प्रयास गरिरहेको देखिन्न् ।

दशैंको बेला अनुगमन समितिले अग्रसरता देखाएको थियो । तिहारको नजिकिदै जाँदा पुनः अनुगमन समितिले म्याद गुज्रेका र अखाद्यय बस्तु नियन्त्रणमा लिई नष्ट गर्ने तथा दर्ता नभई संचालनमा रहेका पसल र उद्योगका संचालकलाई जरिवाना गर्ने काम तिब्र बनाए पनि सामाग्रिहरुको मुल्य नियन्त्रणका लागि कुनै ठोस पहल गर्न सकेको छैन् ।

स्थानिय उपभोक्त ताराकान्त साहले इन्धनसहित खाने तेल, खाद्यान्न, लत्ताकपडा र तरकारी लगायतका बस्तुको निरन्तर मुल्य

***बाँकी तीन पृष्ठमा***

# बाढीले भत्काएको पुल बन्न नसक्दा आवगमन ठप्प



**दैनिक समाचारदाता राजविराज, १४ कात्तिक ।**

दुई साताअघि आएको बाढीले जिर्ण भइसकेको पुल भत्काएपछि पूर्ण रुपले आवागमन ठप्प भएको छ ।

सप्तरीको हनुमाननगर कंकालिनि नगरपालिका अन्तरगत पर्ने बेल्ही-मल्हनिया सडकखण्डको पुल बाढीले भत्काएको थियो । कात्तिक १ गतेदेखी तीन दिनसम्म भएको अविरल वर्षाका कारण आएको बाढीले उक्त पुल र सडकको १५ मिटरजति भाग बगाएको थियो ।

बेल्हीस्थित राजविराज भन्सार कार्यालय हुँदै मल्हनिया र हनुमाननगर बजार जोड्ने उक्त पुल भत्किएपछि यातायात पूर्ण रुपले ठप्प हुनुका साथै पैदल आवतजावत गर्नेहरुलाई निकै समस्या भएको छ ।

जिर्ण भइसकेको पुलबाट

***बाँकी अन्तिम पृष्ठमा***


## leadership mentoring programme

**A year-long mentorship programme for young women in Nepal to enhance leadership skills**

Australian Government · British Council · British Embassy Kathmandu · European Union · Embassy of Switzerland in Nepal · UNDP · unicef for every child · United Nations Nepal · USAID

**Deadline: Tuesday, 16 November 2021, 23:59 NPT**
**To Apply: bit.ly/3ALJ1XL**

काठमाडौं स्थित बेलायती दूतावासले महिला तथा बालिकाहरुलाई सशक्तिकरण गर्न सहयोगी सम्बन्ध निर्माण र प्रवर्द्धन गर्नु महत्वपूर्ण रहेको विश्वास गर्दछ। तसर्थ, बाल बालिकाको अन्तर्राष्ट्रिय दिवस २०२१ मा, महिलाहरुले नेतृत्व गरेका दूतावास र विकास एजेन्सीहरुको समूहद्वारा सञ्चालित यस एक वर्ष लामो मार्गदर्शन कार्यक्रमको हिस्सा बन्न, हामी नेपालका सबै युवा महिलाहरुलाई आह्वान गर्दैछौं।

सफल उम्मेदवारहरूले आफ्नो नेतृत्व सिप विकास गर्नका निम्ति काठमाडौं स्थित महिला राजदूतहरु र एजेन्सीहरुका प्रमुखहरुबाट मार्गनिर्देशन (मेन्टरीङ) प्राप्त गर्ने अवसर पाउनेछन्।

सफल आवेदकहरुलाई निम्न अनुभवी सहयात्रीहरु (मेन्टर्स) मध्ये एकद्वारा मार्गनिर्देशन गरिनेछ:

- नेपालका लागि बेलायती राजदूत, महामहिम निकोला पोलिट् (**Nicola Pollitt**)
- नेपालका लागि अस्ट्रेलियाली राजदूत, महामहिम फेलीसिटी भोल्क (**Felicity Volk**)
- नेपालका लागि युरोपियन यूनिएनका राजदूत, महामहिम नोना डुप्रेज (**Nona Duprez**)
- नेपालको लागी स्विट्जरल्याण्डका राजदूत, महामहिम एलीजाबेथ भन कपेलर (**Elisabeth von Capeller**)
- यूएसएआईडीकी प्रमुख सेपीडे कीभ्यान्सड् (**Sepideh Keyvanshad**)
- ब्रीटिस काउनशील नेपालकी राष्ट्रिय निर्देशक शाहीदा म्याकडोगल (**Shahida MacDougall**)
- संयुक्त राष्ट्रसंघका आवासीय संयोजक, सारा बेसोलो न्यान्टी (**Sara Beysolow Nyanti**)
- नेपालका लागी यूनीसेफकी प्रतिनिधि एल्के विस्च (**Elke Wisch**)
- यूएनडीपीकी आवासीय प्रतिनिधि एशानी मेडागन्गोडा- लाबे (**Ayshanie Medagangoda–Labe**)

कसरी आवेदन पेश गर्ने भनेर पूर्ण जानकारी पाउनको लागि, कृपया **www.gov.uk/government/news/participate-in-a-womens-leadership-mentoring-programme-in-nepal** मा जानुहोस्।





अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# वर्षमा एक चोटी गर्ने काम दिनहुँ गर्ने बानी बसालौं

हरेक वर्ष चाड पर्व नजिकिदै जाँदा विभिन्न स्थानको सरसफाइदेखी सार्वजनिक स्थानमा रहेको बिजुली बत्तिको मर्मत गर्ने कामलाई प्राथमिकतामा राखि गर्ने गरिन्छ । विशेष गरि यो कार्य दशैं र तिहारको आगमनसँगै गर्ने गरिन्छ । वर्षको बाँकी रहेको एघार महिना त्यस्ता कार्यलाई प्राथमिकतामा राखिएको देखिन्न् । ती समयमा स्थानिय जनप्रतिनिधिहरु गोष्ठी, सेमिनार, बजेट बनाउन तथा विभिन्न पंचायतीमा बढी समय खर्च गरेको देखिन्छ । त्यस्तै विकासीय कार्यको समय नै तोकिएको हुन्छ । त्यो हो असार महिना । साल तमामीको यस महिनामा जनप्रतिनिधिहरु हतार हतारमा बजेट सकाउन पनि विकासीय कार्यमा जोड दिएको देखिन्छ । हुन त यो बानी सानै देखी लागेको हो । विगतका वर्षहरु देखी नै यस्ता कार्यलाई निरन्तरता दिएको देखिन्छ ।

तर अहिले समय परिस्थिति बदलिएको छ । अहिलेको समयमा मानिसहरु सबै भन्दा बढी स्वास्थ्यमा ध्यान दिने गरेका छन् । आधुनिकतासँगै विभिन्न खाले रोगहरुको पनि आवगमन भएको छ । यस्ता रोगहरुलाई परास्त गर्न सरसफाई नै हो । सरसफाईको नाममा स्थानिय तहले बजेट त छुट्याउँछन् तर, त्यसको उपयोग कागजी काममै गरेको पाइएको छ । कागजमै सरसफाईको काम गरेर बजेटलाई मिलान गर्ने काम पनि गरेको पाइएको छ । वर्षमा एक पटक मात्र सरसफाई गरेर हुन्छ त ! के जनतालाई चाडपर्वमा मात्र सरसफाई चाहिन्छ ! यो एउटा गम्भिर विषय हो । सरसफाई भन्ने कुरा दिनहुँ हुनुपर्दछ । सरसफाई भएका अधिकांश रोगहरु आफै उन्मूलन हुनपुग्छ । एकै पटक गर्ने सरसफाइलाई दिनहुं गर्न सकिए पक्कै पनि यो कार्य गर्न कठिनाई हुँदैन् । यस्तै वर्षमा एक पटक बिजुलीको पोलहरुमा बत्ति जडान गर्ने कुरा पनि सुहाउँदो होइन् । एक महिना बत्ति बल्ने अनि बाँकीको समय अध्यारोमै बस्ने यो कतिको जायज हो ? हो यस्ता विषयमा जनप्रतिनिधिहरुले मनन् गर्नै पर्छ ।

जनताको मतबाट निर्वाचित जनप्रतिनिधीहरुले यस्ता कार्यहरुका लागि दुरगामी नीति बनाएर अगाडी बढेमा पक्कै पनि सजिलो र जनतालाई जवाफ दिन सजिलो हुन्छ । तर, यस्ता कार्य  गर्नका लागि उनीहरुले सीमित महिना नै तोकिसकेका छन् । तसर्थ यस्ता विषयलाई गम्भिरतापूवर्क मनन् गरेर दिनहुँ गर्ने परिपाटी बसाल्नु नै जायज हुनेछ । अनिमात्र जनप्रतिनिधीहरुको कदर पनि हुन्छ ।

# एक वर्षभित्र पूरा गर्ने लक्ष्यका साथ काम हुँदै प्राकृतिक विपत्तिको चपेटामा परेको मध्य भोटेकोसी आयोजना

काठमाडौं, १४ कात्तिक (राासस) ।

नेपालको ऊर्जा क्षेत्रका कम्पनी मोडलबाट आयोजना निर्माण गर्ने विषयमा चिलिमे जलविद्युत् कम्पनीले एउटा मानक स्थापित गर्‍यो । स्थानीयवासी र आम नेपालीको शेयर लगानी रहने गरी आयोजना निर्माण गर्ने नेपाली मोडलले खासमा ऊर्जा क्षेत्रमा लगानी गर्न चाहनेहरूलाई समेत प्रेरित गर्‍यो ।

चिलिमे आयोजनकै ढाँचामा सोही कम्पनी मातहत रहने गरी अन्य चारवटा आयोजनासमेत अगाडि बढाइयो । त्यसमा माथिल्लो साञ्जेन, साञ्जेन, रसुवागढी र मध्यभोटेकोसी रहेका छन् । जुन लक्ष्य र उद्देश्यका साथ आयोजना अगाडि बढाइयो, त्यसमा लागत र समयका हिसाबले भने हालसम्म सफलता प्राप्त हुन सकेको छैन । चिलिमे कम्पनी मातहत रहेका अधिकांश आयोजना रुग्ण अवस्थामा नै छन्भन्दा फरक पर्दैन ।

तोकिएको समयसीमामा आयोजना निर्माण हुनुको साटो लागत बढ्ने र समय मात्रै थपिने क्रम जारी रहेको छ । कतै निर्माण व्यवसायीको कमजोरी छ भने कतै अन्य प्राविधिक समस्या पनि उत्तिकै छ । यस्तै, समस्यै समस्यामा फसेको आयोजनाका रूपमा रहेको छ मध्यभोटेकोसी ।

शेयर कारोबार मापक परिसूचक उच्च विन्दुमा पुगेका कारण सो कम्पनीको साधारण शेयरमा आम लगानीकर्ताको आकर्षण भए पनि आयोजनाको काम गर्ने तरिका र शैली भने असाध्यै धिमा गतिमा रहेको छ । यसलाई मानिसहरूले कछुवा गतिको नमूनाका रूपमा चिनाएका पनि छन् ।

सिन्धुपाल्चोकमा निर्माणाधीन १०२ मेगावाटको मध्यभोटेकोसी जलविद्युत् आयोजनाको समग्र निर्माण हालसम्म ७५ प्रतिशत मात्रै सकिएको छ । यो आयोजना दुई वर्ष पहिल्यै सकिनुपर्ने थियो । पछिल्लो समयसीमा अनुसार आयोजना अब २०७९ पुसभित्र सक्ने लक्ष्य राखी अगाडि बढाइएको छ । तर सो समयमा समेत सकिने वा नसकिने भन्नेमा अहिल्यै पूर्वानुमान गर्न भने गाह्रो छ ।

आयोजनाको बाँध, बालुवा थिग्य्राउने पोखरीलगायत मुख्य संरचनाको निर्माण बर्खा सुरु हुनुभन्दा अगाडि नै सक्ने लक्ष्य राखिएको छ । विद्युत्गृह भवन निर्माण आगामी पुसभित्र र ७.२ किलोमिटर सुरुङमध्ये खन्न बाँकी ४१५ मिटर तीन महिनाभित्र सक्ने लक्ष्य राखिएको छ । विसं २०७१ साउनको जुरे पहिरो, २०७२ वैशाखको गोरखा भूकम्प, २०७२ असोजदेखि करिब साढे पाँच महिना नेपाल भारत सीमा नाकामा भएको अवरोध, २०७३ असारमा भोटेकोसी नदीमा आएको बाढी, गत वर्षको असारमा निर्माणस्थल भोटेकोसी नदी एवं आसपासको क्षेत्रमा आएको बाढी-पहिरोको र कोभिड-१९ को महामारीको चपेटामा आयोजना परेको थियो प्रवर्द्धक कम्पनीको दाबी छ ।

प्राकृतिक विपत्ति र सिभिल एन्ड हाइड्रोमेकानिकल कार्यको ठेकेदार चिनियाँ कम्पनी क्वाङसी हाइड्रो एन्ड इलेक्ट्रिकल कन्स्ट्रक्सनको कमजोर कार्य सम्पादनका कारण आयोजनाको निर्माण सम्पन्न हुने तालिका प्रभावित हुँदै आएको छ । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, आयोजनाको प्रवर्द्धक मध्यभोटेकोसी जलविद्युत् कम्पनीका अध्यक्ष हरराज न्यौपाने तथा सञ्चालकहरूसहितको टोलीले शनिबार आयोजनास्थलको निरीक्षण गरी निर्माण प्रगतिको जानकारी लिएको सम्बद्ध कम्पनीले जनाएको छ ।

टोलीले आयोजना व्यवस्थापन, ठेकेदार कम्पनी र परामर्शदातासँग छलफल गरी २०७९ को पुसभित्र कुनै पनि अवस्थामा निर्माण सम्पन्न हुने गरी एकीकृत तालिका बनाएर काम गर्न निर्देशन दिएको छ । कार्यकारी निर्देशक घिसिङले प्रकृतिक प्रकोपको चपेटामा परेर करिब बन्द अवस्थामा पुगिसकेको आयोजनाको मुख्य सुरुङको बाहेक अन्य संरचनाहरूको निर्माण प्रगति उत्साहजनक देखिएको दाबी गर्नुभयो । “आयोजना प्रभावित तथा मुलुकभरका नेपाली नागरिकले महँगो ब्याजदरमा ऋण काढेर भए पनि शेयर खरिद गरी आयोजनामा लगानी गरेका छन्, निर्माणमा ढिलाइ हुँदा आयोजानको लागत बढिरहेको छ भने विद्युत् बिक्रीबाट प्राप्त हुने आम्दानी गुम्दा लगानीकर्ताले प्रतिफल पाउन सकिरहेका छैनन्”, घिसिङले भन्नुभयो ।

उहाँले भन्नुभयो, “निर्माणमा देखिएका समस्याको पहिचान गरी समाधान र सहजीकरण गर्न हामी सधैं तयार छौं, आयोजनाको स्वामित्व लिई टिम बनाएर काम गरौं, अब संशोधन नहुने अन्तिम एकीकृत तालिका बनाएर अगाडि बढौं भनेर निर्देशन दिइएको छ ।” प्राधिकरणका उपकार्यकारी निर्देशकसमेत रहनुभएका कम्पनीका अध्यक्ष न्यौपानेले आयोजनाको निर्माण विशिष्ट अवस्थामा प्रवेश गरेको उल्लेख गर्दै बाँकी रहेका काम सम्पन्न गर्ने एकीकृत तालिका बनाएर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत रामगोपाल सिवाकोटीले ठेकेदार कम्पनीको कार्य सम्पादनमा सुधार आएकाले अहिलेको गतिमा काम भए तोकिएको समयमा आयोजना निर्माण सम्पन्न हुने देखिएको बताउनुभयो ।

ठेकेदार कम्पनीका प्रतिनिधिले जनशक्ति तथा उपकरणहरू बढाएर तोकिएको समयमा निर्माण सम्पन्न गर्ने प्रतिबद्धता जनाएका छन् । आयोजनाको लागत बढ्न नदिन सिभिल तथा हाइड्रोमेकानिकलको काम इन्जिनियरिङ, खरिद र निर्माण (इपिसी) मोडेलमा चिनियाँ कम्पनी क्वाङ्सीले ठेक्का लिएको थियो । इलेक्ट्रो मेकानिकलतर्फको काम भने एन्ड्रिजले गरिरहेको छ । एन्ड्रिजले उपकरणहरू आयोजनास्थलमा ल्याइसकेको छ । गत वर्ष भोटेकोसी नदीमा आएको बाढी स्टोरमा पसेर उपकरणहरूमा क्षति पुर्‍याएको थियो ।

आयोजनाको अनुमानित लागत कर्मचारी सञ्चयकोषसँग ऋण सम्झौता हुँदा निर्माण अवधिको ब्याजबाहेक रु १२ अर्ब २८ करोड ३३ लाख रहेको थियो ।  आयोजनाको अद्यावधिक अनुमानित लागत निर्माण अवधिको ब्याजबाहेक रु १५ अर्ब तीन करोड दुई लाख ९० पुगेको छ । निर्माणाधीन आयोजनाको सुरुको कूल लागतमध्ये ५० प्रतिशत स्वपूँजीबाट र ५० प्रतिशत ऋणबाट जुटाइएको छ । कम्पनीको जारी पूँजीको ५१ प्रतिशत संस्थापक शेयरधनीहरूमध्येमा नेपाल विद्युत् प्राधिकरणको १०, चिलिमे जलविद्युत् कम्पनी लिमिटेडको ३७, सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनीको, नेपाल अरनिको हाइड्रोपावर कम्पनी, सिन्धु इन्भेष्टमेन्ट कम्पनी र सिन्धु भोटेकोसी हाइड्रोपावरको समान एक/एक प्रतिशत शेयर स्वामित्व रहेको छ ।

कूल ४९ प्रतिशत सर्वसाधारण शेयरधनी समूहमा (कर्मचारी सञ्चयकोषका सञ्चयकर्ता कर्मचारीको १९.५, संस्थापक सङ्गठित संस्थाका कर्मचारीको ३.५, ऋणदाता संस्थाका कर्मचारीको एक, सिन्धुपाल्चोक जिल्लाका स्थानीयवासीको १० र सर्वसाधारणको-१५ प्रतिशत) रहेको छ । कम्पनीले साधारण शेयर निष्कासन गरी रकम सङ्कलन गरिसकेको छ । कम्पनीका साधारण लगानीकर्ताहरू १० लाख ७५ हजार छन् ।

आयोजनाबाट वार्षिकरूपमा ५४ करोड २२ लाख युनिट विद्युत् उत्पादन हुनेछ । प्राधिकरणले आयोजनाको विद्युत् हिउँद र वर्षायाममा प्रतियुनिट क्रमशः रु ८.४० र ४.८० मा खरिद गर्नेछ । यसबाट कम्पनीलाई वार्षिक रु दुई अर्ब ९० करोड आम्दानी हुनेछ । तर आयोजनाको समय र लागत बढ्दै जाँदा सो आम्दानीसमेत गुम्दै गएको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी

Dr. Ranjana Giri

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

Infertility Specialist (Consultant IVF)

NMC No. : 10635

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


## राजविराज नगरपालिका
## २ नं. वडा कार्यालय, राजविराज, सप्तरी
## वडा कार्यालय राजविराज न.पा.बाट जारि भएको सूचना

मिति : २०७८/७/११

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी साविक विषहरिया वाड नं. ८ हाल जि.स. रा.वि.न.पा. वार्ड नं. ९ परिवर्तित वाड नं. २ बस्ने स्व. अजब लाल देव नाति स्व. पृतमलाल देवको छोरा सत्यना. देव र श्रीधर प्रसाद देवले संयुक्त निवेदनद्वारा माग गरे अनुसार मेरो आमा अलखी देवी बैश्यको नाउमा जि.स.रा.वि.न.पा. वार्ड नं. ९ को कि.न. ०-०-१० जग्गा र सो जग्गामा निर्माण भएको पक्की घर समेत मेरो आमाको नाउमा कायम छ मेरो आमा यही मिति २०७८/१/१८ गते आफ्नै कालगतिले स्वर्गमान हुनु भएको हुँदा मृतक आमा नाउमा कायम रहेको जग्गाहरु मृतकको हामी दुई भाई छोराहरुको नाउमा संयुक्त नामसारी दर्ता गर्न सिफारिस गरि पाउ भनि मिति ०७८/०७/११ द.न. ९२ को निवेदन द्वारा माग गरेको हुदा सो जग्गामा अरु कोही कसैको हक दाबी भए वा हकदार भए दाबी बिरोध गर्नका लागि सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला । अन्यथा कानुन बमोजिम भइ जाने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**तपसिल**

जि.स.रा.वि.न.पा. वडा न. ९ हाल परिवर्तित वडा नं. २ बस्ने स्व. अलखी देवी बैश्यको नाउँमा कायम रहेको जग्गाहरु

| जिल्ला | गाविस/न.पा. | वार्ड न. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | राजविराज | ९ | ९६१ | ०-०-१० |

# अफगानिस्तानबाट १४० नेपालीको उद्धार

## सुरक्षा जोखिमबाट सबै नेपाली मुक्त

काठमाडौँ, १४ कात्तिक (रासस)।

अफगानिस्तानको शासन व्यवस्था तालिवानले सम्हालेपछि उद्धारको प्रतीक्षामा रहेका ३२ नेपालीको अन्तिम डफ्फा शनिबार काठमाडौँ आइपुगेसँगै त्यहाँ कुनै नेपाली सुरक्षा जोखिममा नरहेको परराष्ट्र मन्त्रालयले बताएको छ। शनिबार स्वदेश फर्केका ३२ जनासँगै उद्धार भई स्वदेश फर्कनेको सङ्ख्या ९४० पुगेको छ।

अफगानिस्तानस्थित संयुक्त राष्ट्रसङ्घीय नियोग तथा कार्यालयमा अतिआवश्यक कार्यमा संलग्न केही नेपालीहरू मात्र रहेका तथा उनीहरूमा सुरक्षा जोखिम नरहेको बताउँदै मन्त्रालयले शनिबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, "राष्ट्रसङ्घीय निकायले अतिआवश्यक मानवीय तथा विकाससम्बन्धी कार्य जारी रहने जनाउँदै राष्ट्रसङ्घमा कार्यरत नेपालीलाई कुनै सुरक्षामा जोखिम भए सबैलाई सुरक्षितरूपमा नेपाल फीर्तिको प्रबन्ध मिलाइने जानकारी दिएका छन्।"

उद्धार भई शनिबार फर्केकाहरू वैदेशिक रोजगारीको स्वीकृति नलिई अफगानिस्तान पुगेका, राजधानी काबुलका विभिन्न भागमा स-सानो समूहमा छरिएर रहेका तथा उनीहरूलाई एउटै समूहमा आवद्ध गरी आवास र भोजनको सुविधासहित सुरक्षितरूपमा राख्ने प्रबन्ध नेपाल सरकारको अनुरोधमा आइडिजी कम्पनीमार्फत गरिएको थियो।

तालिवान सत्ता प्रारम्भ भएदेखि नै सरकारले उद्धारका निम्ति अफगानिस्तानको निरन्तर अनुगमन गरी काबुल तथा काठमाडौँस्थित मित्रराष्ट्र भारत, संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, जर्मनी, युरोपेली सङ्घ, जापानका राजदूतावासहरू, काबुलस्थित नेटो सैन्य अधिकारी, संयुक्त राष्ट्रसङ्घीय नियोग तथा कार्यालय, अन्य अन्तर्राष्ट्रिय सङ्घसंस्थाका कार्यालय तथा रोजगारदाता एवं जनशक्ति आपूर्ति गर्ने कम्पनी, स्थानीय कार्यालय एवं तिनका मुख्यालयमार्फत कूटनीतिक प्रयास गरेको थियो।

सरकारले अफगानिस्तानको उद्धार 'मिशन' मा सहयोग गरेका सबै स्वदेशी निकाय, रोजगारदाता, मित्रराष्ट्रहरू तथा राष्ट्रसङ्घीय निकायप्रति आभार व्यक्त गरेको छ।

## पाँच सय १८ घर फर्किए

काठमाडौं, १४ कात्तिक (रासस)।

आइतबार ४ सय ८ जना कोरोना संक्रमित भेटिएका छन् भने ५ सय १८ जना रोगलाई जितेर घर फर्केका छन्। दश जनाको निधन भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार दुई हजार १६८ जनामा एन्टिजेन र पाँच हजार ७ सय ३१ जनाको पीसीआर परीक्षण गरिएको थियो।

आइतबारै सात हजार ८ सय ९९ जनाको स्वास्थ्य परीक्षण गरियो भने देशभरका ३८ हजार ८ सय १५ जनाले खोप लगाए। संक्रमित संख्या नौ हजार ३ सय ७६ सीमित रहेका छन्।

## *अत्याधिक मुल्य ...*

बढ्दै गएको तथा व्यापारीले मनोमानी मुल्य तोक्दा समेत यसलाई नियन्त्रणको पहल कुनै निकायबाट हुन नसकेको आरोप लगाए।

खाद्यान्न सामाग्रिहरु मध्ये सबै भन्दा बढी हरियो सागसब्जी तथा तरकारीमा मुल्य निकै बढेको छ। अहिले बजारमा प्याज ८०, काउली २ सय, भान्टा १ सय ५०, परवल १ सय, आलु ६० प्रतिकिलो रहेको छ भने खानेतेल ३ सयदेखी ४ सय सम्म प्रति लिटर बिक्रि भइरहेको छ।

यस्तै अन्य दैनिक उपभोग्य सामाग्रिहरुमा पनि मुल्य निरन्तर बढीरहेको सर्वसाधारणको गुनासो रहेको छ। यसैगरि तिहारलाई अतिआवश्यक चिनि, पिठो, मैदा, काजु, किसमिस, नरियल, छोकरा, ओखर, घर सजाउन प्रयोग गरिने रंगरोहन र बिद्युतिय सामाग्रि समेत बजारमा मुल्य मनपरी कायम गरिएको सर्वसाधारणले गुनासो गरेका छन्।

यसरी कोरोनाको मारमा रहेका जनता अहिले मुल्य बृद्धिका कारण थप मारमा परेका छन्। निरन्तर भइरहेको मुल्यबृद्धि नियन्त्रणका लागि तीनै तहको सरकार गम्भिर नभएको भन्दै स्थानियले बजार अनुगमन गरि मुल्य नियन्त्रणका लागि अविलम्ब पहल गर्नुपर्ने माग गरेका छन्।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिंगरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोबाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

### तालिबानका सर्वोच्च नेता पहिलो पटक सार्वजनिक रुपमा देखा परे

काबुल, १४ कात्तिक (रासस/एएफपी)।

तालिवानका सर्वोच्च नेता हैबतुल्लाह अखुन्दजादा पहिलो पटक सार्वजनिकरुपमा देखापरेका अधिकारीले आइतवार घोषणा गरेका छन्। उनले अफगानिस्तानको दक्षिण भागमा पर्ने कान्दाहार प्रान्तमा समर्थकलाई सम्बोधन गरेका थिए।

अखुन्दजादा सन् २०१६ देखि इस्लामवादी आन्दोलनको प्रमुख रहँदै आएका थिए। तर अगस्टमा उनको समूहले अफगानिस्तानमा सत्ता कब्जा गरेपछि पनि उनी सवार्वजनिकरुपमा देखापरेका थिएन।

तालिबान सरकारमा उनको भूमिकाको बारेमा अनुमान लगाइएको छ। यद्यपी उनको मृत्युको अफवाह पनि फैलिएको थियो।

तालिबान अधिकारीका अनुसार शनिबार उनले दारुल उलूम हकिमाह मदरसाको भ्रमण गर्दै आफ्ना लडाकू चेलासँग कुरा गरेका तालिबान अधिकारीले बताएका थिए।

सन् २०१६ मा अमेरिकी ड्रोन हमलामा परी तालिबानका प्रमुख नेता मुल्लाह अख्तर मन्सुर मारिएपछि अखुन्दजादालाई सत्ताको द्रुत संक्रमणकालमा तालिबानको नेता नियुक्त गरिएको थियो।

### भारतमा दैनिक संक्रमितको संख्या घटयो

नयाँदिल्ली, १४ कात्तिक (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्या फेरि घटेको छ।

पछिल्लो २४ घण्टामा १२ हजार ८३० जना मात्रै नयाँ सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य मन्त्रालयले आइतबार जानकारी दिएको छ। यस अवधीमा कोरोना सङ्क्रमणको कारण ४४६ जनाको मृत्यु भएको छ। भारतमा शनिबार भएको सङ्क्रमितमध्ये सात हजार ४२७ जना केरला राज्यमा रहेका थिए। कोरोना सङ्क्रमणको कारण ४४६ जनाको मृत्यु भएकोमा ६२ जना केरला राज्यमा रहेका थिए।

यसअघि झण्डै १६ हजारको हाराहारीमा दैनिक सङ्क्रमित हुने गरेकोमा अहिले करिब १३ हजारमा घटेको देखिएको हो। भारतमा अहिले एक लाख ५९ हजार २७२ जना सक्रिय सङ्क्रमित रहेका मन्त्रालयले आइतवार जनाएको छ।

यो सङ्ख्या २४७ दिनपछि कै सबैभन्दा कम रहेको पनि अधिकारीले जनाएका छन्। भारतमा अहिले सक्रिय अवस्थामै रहेकाको सङ्ख्या कूल सङ्क्रमितको सङ्ख्याको ०.४६ प्रतिशत मात्रै हो।

शनिबार भारतमा १४ हजार ६६७ जना कोरोना सङ्क्रमण मुक्त भएका छन्। यससँगै कोरोना शुरु भएबाट हालसम्म तीन करोड ३६ हजार ५५ हजार ८४२ जना कोरोना मुक्त भएका छन्। मन्त्रालयका अनुसार कुल सङ्क्रमितमध्ये ९८.२० प्रतिशत सङ्क्रमित सङ्क्रमणमुक्त भएका छन्। भारतमा कोरोना भाइरसको परीक्षण ६० करोड ८३ लाख भन्दावढी भएको छ।

यहाँ गत जनवरीको १६ बाट कोरोनाविरुद्धको खोप अभियान शुरु भएको थियो। सो समयबाट हामलसम्म एक अर्बभन्दा बढी डोज खोप लगाइएको छ।

### यमनको अन्तरराष्ट्रिय विमानस्थलनजिक विस्फोट

आदेन, १४ कात्तिक (रासस/सिन्ह्वा)।

यमनको दक्षिणी शहर आदेनको एक अन्तरराष्ट्रिय विमानस्थलको प्रवेशद्धारमा नै भएको बम विस्फोटमा परी छ जनाको ज्यान गएको छ। त्यहाँ अरु कैयौं मानिस घाइते भएका छन्।

सो प्रवेशद्धारमा रोकी राखेको एक बसमा बम राखिएको पाइएको छ। सो बम विस्फोट भएपछि उक्त क्षेत्र वरपर रहेका ठूलो सङ्ख्याका मानिस घाइते भएका छन्।

घाइते भएकालाई अस्पताल पुर्‍याइएको छ। त्यसैगरी उक्त शक्तिशाली विस्फोटबाट वरपर रहेका अरु कैयौं सवारी साधनमा पनि क्षति पुगेको थियो।

सो बम विस्फोटनको जिम्मेवारी कसैले पनि लिएको छैन। तर पनि यहाँ हुथी विद्रोही यस्ता हिंसामा सङ्लग्न भइआएकोले सुरक्षा निकायले सोही समूहमाथि नै आशङ्का गरेका छन्।

उता साउदी अरेबियाको सेनाको नेतृत्वमा केही दिनयतादेखि यमनको मारिब शहरमा लगातार बमबारी भएको छ यहाँको सेनाले जनाएको छ।

सो बमबारीमा परी भएको क्षतिको बारेमा भने केही बताइएको छैन। तर पनि निरन्तर केही दिनयतादेखि त्यहाँ बमबारी भएको अधिकारीले जनाएका छन्।

मारिब शहर यमनका विद्रोहीको कब्जामा रहेको शहर हो। यहाँका अधिकारीले उक्त शहरमा साउदी अरेबियाको सेनाले नेतृत्व गरेको सेनाले यसअघि पनि नियन्त्रण गर्दै र हवाई तथा स्थलगतरुपमा यहाँका विद्रोहीका विरुद्धमा कारबाही गर्दै आएको छ।

तेलको धनी मानिने यो शहर यमनका हुथी विद्रोहीको कब्जामा रहेको छ। समयमा यहाँको सरकारी सेनाले पनि फिर्ता लिने गरेको यो शहरमा प्रायःहुथीले नै कब्जा गर्ने गरेका छन्।

# कात्तिक २१ देखी सहिद दिलिप स्मृति फुटबल प्रतियोगिता



**दैनिक समाचारदाता**
**राजविराज, १४ कात्तिक ।**
सहिद दिलिप स्मृति फुटबल प्रतियोगिता यही कात्तिक २१ गतेदेखी हुने भएको छ ।

सप्तरीको सप्तकोशी नगरपालिका वडा नं. ५ स्थित गंगाजलीको खेल मैदानमा उक्त प्रतियोगिता हुन लागेको हो ।

दिलिप स्मृति प्रतिष्ठानका अध्यक्ष राजकुमार लेखीका अनुसार सहिद दिलिप चौधरीको नाममा स्थापित नगद पुरस्कार र प्रमाणपत्र खेल प्रतियोगितामा प्रथम र दोस्रो हुने टिमलाई प्रदान गरिने छ ।

प्रतिष्ठानले स्थापना गरेको एक लाखको अक्षयकोषबाटै विगतका बर्षहरुमा शिक्षा, पत्रकारिता, राजनीति, खेलकुद लगायतका क्षेत्रमा विभिन्न कार्यक्रमहरु गर्दै आइरहेको छ ।

यसअघि प्रतिष्ठानले कात्तिक ५ गते सहिद दिलिप चौधरीको नाममा स्तम्भको अनावरण गर्नुको साथै पत्रकारिता माध्यमबाट योगदान गरेका तीन पत्रकारलाई सम्मानित समेत गरेको थियो ।

# तीन न्यायाधीशलाई प्रधानन्यायाधीशसँग वार्ता गर्ने जिम्मा

**दैनिक समाचारदाता**
**काठमाडौं, १४ कात्तिक ।**
प्रधानन्यायाधीशको राजीनामा माग्दै इजलासमा नबसेका सर्वोच्च अदालतका १७ न्यायाधीशहरुले प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरासँग वार्ता गर्न तीन न्यायाधीश तोकेका छन् ।

आइतबार बसेको न्यायाधीशहरुको बैठकले प्रधानन्यायाधीश जबरासँग वार्ताका लागि न्यायाधीश अनिलकुमार सिन्हा, सपना प्रधान मल्ल र डा. मनोजकुमार शर्मालाई जिम्मा दिएका छन् ।

उनीहरुलाई प्रधानन्यायाधीश जबराको बहिर्गमन कसरी सहज हुन्छ भन्ने विषयमा छलफल गर्ने जिम्मेवारी दिइएको बताइएको छ ।

स्रोतका अनुसार सर्वोच्चकै एक न्यायाधीशसँग प्रधानन्यायाधीश जबराले आफूले सम्मानजनक बहिर्गमन गर्ने आशय व्यक्त गरेपछि न्यायाधीशहरुले अनौपचारिक रुपमै वार्ताका लागि प्रतिनिधि तोकेको एबिसी नेपाल डट टिभिले जनाएको छ ।

यसैबीच आइतबार दिउँसो तीन न्यायाधीशले प्रधानन्यायाधीशसँग छलफल गरेका छन् । न्यायाधीशहरुले प्रधानन्यायाधीश जबराले न्यायालयको नेतृत्व गर्न नसकेको भन्दै राजीनामालाई मुख्य एजेण्डा बनाएका छन् । उनीहरुले झण्डै एक हप्तादेखि मुद्दाको सुनुवाइ पनि गरेका छैनन् ।

# मूल्यवृद्धि खारेज गर्न नेविसंघको माग

काठमाडौं, १४ कात्तिक (रासस) ।
नेपाली कांग्रेसको प्रमुख भ्रातृ संस्था नेपाल विद्यार्थी संघले पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि खारेज गर्न माग गरेको छ ।

नेविसंघका अध्यक्ष राजिव ढुङ्गानाले आइतबार एक विज्ञप्ति जारी गरी चाडपर्व नजिकिएको समयमा पेट्रोलियम पदार्थको मूल्यवृद्धिले थप असहज हुने भन्दै मूल्यवृद्धि तत्काल खारेज गर्न माग गर्नुभएको छ ।

"पेट्रोलियम पदार्थको मूल्यवृद्धि हुँदा ढुवानी खर्च वृद्धि भई बजारमा उपभोग्य वस्तुको समेत मूल्यवृद्धि हुने अवस्था सिर्जना भएकाले मूल्यवृद्धिको निर्णयप्रति खेद व्यक्त गर्दछौँ", अध्यक्ष ढुङ्गानाद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

नेविसंघका महामन्त्री दीपक भट्टराईले कोरोना महामारीले लामो समयदेखि अफ्ठ्यारो भइरहेको अवस्थामा जनताको ढाड सेक्ने गरी पेट्रोलियम पदार्थको मूल्यवृद्धि गर्ने काम भएको भन्दै तत्काल मूल्यवृद्धि फिर्ता लिन आग्रह गर्नुभयो ।

नेविसंघले नेपाल आयल निगमभित्रको बेथिति, अनियमितता र भ्रष्टाचारलाई छानबिन र नियन्त्रण गर्न सरकारसँग माग गरेको छ । पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ता नलिए नेविसंघले कडा आन्दोलन गर्ने जनाएको छ ।

# विपद्बाट १२१ को मृत्यु, २८ बेपत्ता

काठमाडौँ, १४ कात्तिक (रासस) ।
यही कात्तिक महिनाको आइतबारसम्म विपद्का घटनाबाट १२१ को मृत्यु भएको गृह मन्त्रालयले जनाएको छ ।

मन्त्रालयको राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रले दिएको जानकारीअनुसार बाढीपहिरामा परेर अहिलेसम्म २८ जना बेपत्ता भएका छन् । कूल ४४ घाइते रहेका र १७९ घर क्षति पुगेको केन्द्रले जनाएको छ । गत असोज ३१ गतेदेखि कात्तिक ३ गतेसम्म परेको अविरल वर्षाका कारण यसरी मानवीय क्षति पुगेको हो । मनसुन बाहिरिएको एक हप्तापछि दुई प्रणाली विकास भई नेपालमा भारी वर्षा भएको थियो । वर्षाका कारण नेपालको पूर्व र पश्चिम क्षेत्र नराम्ररी प्रभावित भएको थियो । ठूला–ठूला पहिराले मानवीय क्षति बढी गराएको हो ।

प्राप्त विवरणअनुसार सबैभन्दा बढी कात्तिक ३ गते ६३ जनाको मृत्यु र १९ जना बेपत्ता भएका थिए । कात्तिक ४ गते २९ जनाको मृत्यु भएको थियो भने कात्तिक ५ गते १३ को मृत्यु भएको गृह मन्त्रालयले जनाएको छ । हराइरहेका खोजी जारी रहेको र राहत तथा अस्थायी आश्रयस्थलको व्यवस्थापन जारी रहेको मन्त्रालयले जनाएको छ ।

### *बाढीले भत्काएको ...*

जोखिम मोलेर आवतजावत गरिरहँदा अहिले पुलसहित बाटो पनि बाढीले बगाएपछि पैदलयात्रुहरुलाई निकै सास्ती व्यहोर्नु परिरहेको छ ।

अहिले पानी सुकेसकेपनि सडक विभागले कुनै चासो नदिदा आवागमन ठप्पै रहेको र आफूहरु समस्यामा परेको स्थानिय पंकज झाको गुनासो छ ।

५/६ किलोमिटरको दुरीमा रहेको हनुमाननगर बजार अहिले बाटो अवरुद्ध भएपछि बैकल्पिक मार्ग राजविराज हुँदै २५ किलोमिटरको घुमाउरो बाटो प्रयोग गर्नु पर्ने बाध्यता रहेको उनको भनाइ छ ।

यता स्थानियले भत्केको पुल र सडक चाडो निर्माण गरि आवागमन सूचारु र सहज बनाउन सम्बन्धीत निकायसँग माग गरेका छन् ।




अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी



राष्ट्रिय जनगणना २०७८
मेरो गणना-मेरो सहभागिता

- जनगणनामा तथ्यांक संकलन गर्दा घरधनीको मात्र होइन, घरभाडामा बस्ने व्यक्तिहरुले हाल बसोबास गरेकै ठाउँबाट विवरण दिनु पर्दछ ।
- आफ्नो सत्य तथ्य विवरण ढुक्क भई दिऔं ।
- तथ्याङ्क ऐन, २०१५ ले कसैको पनि व्यक्तिगत विवरण देखिने गरी सार्वजनिक गर्न बन्देज गरेकोले केन्द्रीय तथ्याङ्क विभागले सबै विवरण गोप्य राख्नेछ ।

गणना गर्ने अवधिः कात्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np